बैठक संख्या ६

आज मिति २०८२/०८/२३ गते मंगलवारका दिन बिहान ११:०० बजे यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको छैटौं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

अन्य उपस्थित

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | युवराज पन्थी | प्रशासकीय अधिकृत | |
| २. | बिक्रम बस्नेत | योजना शाखा प्रमुख | |
| ३. | निलकण्ठ वस्याल | स.क.अ. | |

रामपुर नगरपालिकाको आ.व. २०८२/०८३ को छैटौ कार्यपालिकाको बैठकको

प्रस्तावहरु

१. ज्येष्ठ नागरिक स्कुल संचालन सम्बन्धमा ।

२. विविध

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा समाजमा योगदान दिएका ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्दै शैक्षिक, सांस्कृतिक, मानसिक तथा सामाजिक सशक्तिकरणमा सहयोग पुऱ्याउने उद्देश्यले रामपुर नगरपालिका अन्तर्गत स्थापना गरिएको 'रामपुर ज्येष्ठ नागरिक स्कुल' मिति २०८२/०८/२४ गतेबाट औपचारिक रुपमा संचालनमा ल्याउने साथै उक्त स्कुलको समुद्धघाटन समारोहमा दार्शनिक गुरु मनोक्रान्तिका द्रष्टा डा. योगी विकासानन्दज्यूको उपस्थितिमा नगर प्रमुखज्यूबाट गर्ने निर्णय गरियो साथै उक्त अवसरमा परमपूजनीय दार्शनिक गुरु डा. योगी विकासानन्दज्यूबाट मिति २०८२/०८/२५ गते देखि २०८२/०८/२७ गते सम्म शारीरिक, मानसिक तथा आध्यात्म सम्बन्धी ३ दिवसीय आत्मजागरण कार्यक्रम सोहि स्थानमा सञ्चालन गर्ने साथै सो कार्यक्रममा हुन आउने खर्च रकम जेष्ठ नागरिक स्कुल प्रशासनिक तथा मसलन्द खर्च शीर्षकबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा यस रामपुर नगरपालिकालाई आई.एस.ओ. मान्यता प्राप्त नगरपालिकाको रुपमा घोषणा गर्ने कार्यको लागि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

क) यस रामपुर नगरपालिकाको व्यवस्थापन तथा सेवाका मापदण्डलाई अन्तराष्ट्रिय गुणस्तर मापदण्ड अनुसार प्रमाणीकरण गरी संचालन गर्ने विषयमा Global Quality Assurance Certification Pvt. Ltd. सँग सहकार्य गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

ख) यस रामपुर नगरपालिका हाता भित्र आन्तरिक सरसफाई गर्ने कार्यका लागि प्राविधिक शाखा प्रमुख श्री रन्जन न्यौपानेज्यूको प्रत्यक्ष अनुगमनमा संचालन गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

ग) अन्तराष्ट्रिय गुणस्तर मापदण्ड प्रमाणीकरणका लागि यस रामपुर नगरपालिकाको तर्फबाट योजना शाखा प्रमुख श्री विक्रम बस्नेतज्यूलाई आधिकारीक प्रतिनिधिको रुपमा चयन गर्ने निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. २ माथि छलफल गर्दा रामपुर नगरपालिका ४ नं. वडा कार्यालयको च.नं. ४७६, प.सं. ०८२/०८३, मिति २०८२/०८/१६ गतेको पत्रानुसार पाल्पा जिल्ला, रामपुर नगरपालिका वडा नं. ४ अन्तर्गत मौलाथर लिफ्टिङ्ग खानेपानी व्यवस्थापनका लागि लागत अनुमान अनुसारको रु १,७१,८५८.६५ /- (रु एक लाख एकहत्तर हजार आठ सय अन्ठाउन्न रुपैया पैसठ्ठी पैसा) विनियोजन गरिदिनुहुन भनी लेखि आएकोमा सो सम्बन्धमा उक्त रकम नगर स्तरीय खानेपानी व्यवस्थापन शीर्षकबाट कट्टा हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक विकास समितिको मिति २०८२/०७/१७ गतेको निर्णय बमोजिम रामपुर शीत भण्डार संचालनको क्रममा कृषकहरुले कृषि उपज भण्डारणको लागि शीत भण्डारको क्षमता भन्दा बढी भएको र कृषकहरुको सुविधाको लागि भैरहवा स्थित सिद्धार्थ कोल्ड स्टोर एण्ड आईस इण्डष्ट्रिज प्रा.लि.मा भण्डारणको लागि पठाइएको रसिद नं.७०४ को ८९ बोरा, रसिद नं.५१० को १३०बोरा मध्ये २८ बोरा र अन्य कृषकहरुको १२ बोरा गरि जम्मा १२९ बोरा आलु रामपुर ल्याउन ढुवानी रकम रामपुर शीत भण्डार संचालन व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

५. निर्णय नं. ५, प्रस्ताव नं. २ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको पञ्जीकरण शाखामा रहेको जन्म, मृत्यु, विवाह, बसाइँसराई र सम्बन्धविच्छेद लगायतका घटना दर्ताका अभिलेखहरु डिजिटलाइजेशन गर्ने कार्यका लागि कार्यालय समय बाहेक अतिरिक्त समयमा खटिने शाखागत कर्मचारी र अन्य कर्मचारीहरुलाई प्रति दर्ता संख्या ईन्ट्री रु ५, विवरण संकलन गरी स्कायन गर्ने र क्रम मिलाई प्रणालीमा अपलोड गर्नको लागि प्रति दर्ता संख्या रु ४ र प्रमाणीकरणको लागि प्रति दर्ता संख्या रु १ उपलब्ध गराउने गरी निर्णय गरियो

६. निर्णय नं. ६, प्रस्ताव नं. २ माथि छलफल गर्दा रामपुर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को संशोधन २०८२ पश्चात प्राप्त श्री कृश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले दिएको निवेदन उपर कारवाही गर्दा तोकिएको मापदण्ड पुरा भएकोले घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत सार्वजनिक शौचालय तथा खानेपानी व्यवस्थापन गर्नुपर्ने आवश्यक देखिएकोले सो कार्य गर्दा लागत अनुमान बमोजिम रु ४,६०,००००/-(रु चार लाख साठी हजार) खर्च हुने देखिएकोले सो बापतको रकम आ.व. २०८२/०८३ अन्तर्गत विनियोजन गरिएको निर्मित भवनको संरचनात्मक सुधार खर्च शीर्षक बाट बजेट खर्च हुने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।